राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ७० २०८२ असोज १२ गते आईतवार (28 Sep. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## एसइई पूरक परीक्षाको नतिजा सार्वजनिक

दैनिक समाचारदाता

काठमाडौँ, ११ असोज । राष्ट्रिय परीक्षा बोर्डले एसइई पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको छ । बोर्डले शनिबार प्रकाशित गरेको नतिजाअनुसार ८३ हजार ५६४ परीक्षार्थी उत्तीर्ण भएका छन् । बोर्डका अध्यक्ष डो महाश्रम शर्माले परीक्षामा सहभागी भएका एक लाख ४३ हजार २५७ परीक्षार्थीमध्ये ५९ हजार ६९३ जना अनुत्तीर्ण अर्थात् अवर्गीकृत भएको जानकारी दिनुभयो ।परीक्षा साउन २९ देखि भदौ ६ गतेसम्म सञ्चालन भएको थियो । गत वैशाखमा सञ्चालित वार्षिक परीक्षामा दुई विषयसम्म 'नन ग्रेडेड'प्राप्त गरेका वा अनुपस्थित भएका विद्यार्थीहरूका लागि बोर्डले पूरक परीक्षाको अवसर दिएको हो ।

## विघटित संसद पदाधिकारीले गाडी फिर्ता गरे



दैनिक समाचारदाता

काठमाडौं ११ असोज । विघटित प्रतिनिधि सभाका १६ जना पदाधिकारीले सुविधा स्वरूप प्राप्त गाडी फिर्ता गरेका छन् ।

संसद सचिवालयको सवारी शाखा प्रमुख प्रदीप नेपालका अनुसार १२ वटा विषयगत समितिका सभापति र चार जना प्रमुख सचेतक तथा सचेतकले प्रयोग गर्दै आएका गाडी फिर्ता गरिएको हो । प्रतिनिधि सभा अन्तर्गत रहेका १० वटा विषयगत समितिका सभापतिसहित संयुक्त दुई समितिका सभापतिले पनि गाडी बुझाइसकेका छन् ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक तथा सचेतकले गाडी फिर्ता गरेका छन् भने नेपाली कांग्रेसका प्रमुख सचेतक र सचेतकको गाडी भने गत भदौ २४ गते सिंहदरवारमा लागेको आगलागीमा जलेको थियो । सो आगलागीले कांग्रेस र एमाले दुवैको संसदीय दलको कार्यालय समेत प्रभावित बनाएको थियो । सरकारले मितव्ययिता नीति अवलम्बन गर्ने निर्णयअनुसार पूर्वराजनीतिक पदाधिकारीहरूले प्रयोग गर्दै आएका गाडी फिर्ता गराउने प्रक्रिया अघि बढाइएको छ । यसै क्रममा संसद सचिवालयले पूर्वसभामुख, राष्ट्रिय सभाका पूर्वअध्यक्षलगायतका गाडी पनि फिर्ता गर्ने तयारी थालेको जनाएको छ ।

# 'हामी हाहु-जहारी सरकार छाडेर विदेश भाग्ने छैनौं'

दैनिक समाचारदाता

काठमाडौं ११ असोज । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले हालको सरकारलाई देश छाडेर आफूहरु विदेश भाग्ने हुन् भन्ने अड्कलबाजी असम्भव रहेको स्पष्ट पारेका छन्। पासपोर्ट रद्द गर्ने चर्चा चलिरहेको बेला भएको भनाइमार्फत् उनले यसप्रति कडाइले असहमति जनाएको हुन्।

राष्ट्रिय युवा संघ नेपालले आयोजना गरेको शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले भने, "अहिले सरकारले पासपोर्ट रोक्ने हल्ला सुन्दै छु। के ठानेको छ – यो हाहुको सरकारलाई देश जिम्मा लगाइदिएर हामी विदेश भाग्छौं? हामीले यो देश बनाउनुपर्नेछ। फेरि पनि यो देशलाई संवैधानिक लोकतान्त्रिक मूलधारमा ल्याउँछौं। शान्ति–सुव्यवस्था ल्याउँछौं। हामी कुनै षड्यन्त्र गर्दैनौं। हामी सबै पारदर्शी ढंगबाट अगाडि बढ्छौं।"

बिहीबार मन्त्रिपरिषद् बैठकले निर्णय सार्वजनिक गर्ने क्रममा सरकारका प्रवक्ता तथा



सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पासपोर्ट रोक्का गर्ने विषयमा राज्यका संयन्त्रहरूले अनुसन्धान गरिरहेको बताएको थिए। गृहमन्त्री ओमप्रकाश अर्यालले पनि सोही विषयमा अनुसन्धान हुनसक्ने टिप्पणी गरेका थिए, जसपछि पासपोर्ट रोक्का विषय सार्वजनिक भएको नेकपा एमालेले औंल्याएको छ।

ओलीले आफ्ना सम्पादन र नेताहरूमाथि लागेको आरोपप्रति पनि जवाफ मागे। उनले भने, "मैले भनेका सबै कुराहरू यो सरकारले जनतासामु ल्याओस् – कर्मचारी र प्रहरीलाई दिएको निर्देशन रेकर्ड छ, बाहिर ल्याओस्। म सरकारमा हुँदा गरेका काम बाहिर ल्याओस्।"

उहाँले आन्दोलनका नाममा व्यक्ति र उद्योगीमाथि भएको तोडफोड र आगजनीलाई दुःखजनक ठानेर त्यसको निन्दा पनि व्यक्त गर्नुभयो। ओलीले भने, "हर घरमा जेन्जी हुन सक्छ, तर केही जेनजीलाई गलत प्रयोग गरियो।"

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com, मो.नं.: ९८५४०२०९२२




शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**मनोज कुमार चौधरी**
अध्यक्ष
**माँ जानकी जनकपुरधाम यातायात प्रा.लि.**
जनकपुरधाम




शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**डा. बृजमोहन रजक**
एम.डी.(चण्डीगढ, भारत) गाइने स्त्री तथा प्रसुति रोग विशेषज्ञ


**डा. स्मिता कनौजिया (रजक)**
एम.बी.बी.एस.
**डा.इन्द्रजीत कुमार रजक**

तथा
**नैना होस्पिटल प्रा.लि.**
नेपाल अपाङ्ग संघको भवन, रामानन्द चौक, जनकपुरधाम




शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**डा. जितेन्द्र मण्डल**
एम.सी.बीएस.एमडी (एल.ए.एमएस)
वीर हाँस्पिटल रेडियोलोजिष्ट,प्रादेशिक अस्पताल जनकपुरधाम
**लक्की अल्ट्रासाउण्ड इमेजिङ्ग सेन्टर**
अस्पताल रोड, जनकपुरधाम



## सम्पादकीय

# तरकारी बजारमा मनपरी र नियमनको मौनता

हरेक बिहान-साँझ भान्सामा पाक्ने हरियो तरकारी सामान्य जीवनको आधारभूत आवश्यकता हो । तर पछिल्लो समय जनकपुरधामलगायत मधेशका बजारमा तरकारीको मूल्य दोब्बरभन्दा बढी आकाशिँदा उपभोक्ता संकटमा परेका छन् । चाडपर्वलाई लक्षित गरी अचानक भएको मूल्यवृद्धिले उपभोक्ताको थालमा हरियो तरकारी दुर्लभ भएको छ भने नियमन गर्ने निकाय मौन देखिनु अझै गम्भीर पक्ष हो ।

कानूनअनुसार कुनै पनि वस्तुमा २० प्रतिशतभन्दा बढी नाफा राखेर बेच्न पाइँदैन । तरकारी बजारमा भने यस कानूनी प्रावधानको खुलेआम धज्जी उडाइएको छ । थोक भाउमा खासै वृद्धि नभए पनि खुद्रा बजारमा ५० देखि सय प्रतिशतसम्मको मूल्यवृद्धि हुनु यसको स्पष्ट प्रमाण हो । उपभोक्ताले यही समस्या अनुभव गर्दै आएका छन्– पहिल्यै एक किलो पाइने पैसामा अहिले पाव मात्र आउने, त्यो पनि पसलेअनुसार फरक-फरक भाउमा ।

समस्या दुई तहमा देखिन्छ । पहिलो, नियमन र अनुगमन गर्ने निकाय निष्क्रिय छन् । उपभोक्ता संरक्षण मञ्चले भनेझैं कानूनी कमी नभए पनि कार्यान्वयन गर्ने इच्छाशक्ति नहुनु नियामक संस्थाको असफलता हो । दोस्रो, व्यापारी वर्गले 'लागत' र 'नोक्सानी' को बहानामा नाफा अस्वाभाविक ढंगले बढाइरहेका छन् । व्यापारीहरूले भारतबाट तरकारी ल्याउँदा कर तथा शुल्कका कारण भाउ महँगो भएको दाबी गरे पनि १४ प्रतिशत शुल्कलाई सय प्रतिशत नाफामा परिणत गर्नु उपभोक्तामाथिको अन्याय मात्र हो ।

यता, किसानले पनि आफ्नो उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् । धनुषा-महोत्तरीमा उत्पादन कम भएकाले भारतबाट भित्रिने तरकारीमा व्यापारीको मनपरी बढी छ । यसरी, न किसानले लाभ पाए, न उपभोक्ताले सहज मूल्यमा तरकारी पाए–बीचमा दलाल र विचौलियाले मात्र अस्वाभाविक लाभ उठाइरहेका छन् ।

चाडपर्वमा आवश्यकताभन्दा बढी मूल्यवृद्धि हुनु केवल 'बजारको स्वाभाविक प्रक्रिया' होइन, यो स्पष्ट रूपमा कालोबजारी र कानूनी उल्लङ्घन हो । कालोबजारी सामाजिक अपराध र सजाय ऐन २०३२ ले २० प्रतिशतभन्दा बढी नाफा राख्न नपाउने प्रष्ट व्यवस्था गरेको छ । तर प्रश्न उठ्छ–सय प्रतिशत नाफा असुल गर्ने व्यापारीविरुद्ध किन कुनै कारबाही भएन ?

मधेशजस्तो उपजाऊ भूमिमा अत्यधिक तरकारी उत्पादन हुन सक्ने सम्भावना हुँदाहुँदै पनि वार्षिक अर्बौंको तरकारी भारतबाट आयात गर्नु दीर्घकालीन चुनौती हो । यसले स्वदेशी उत्पादनलाई कमजोर पार्छ, आयातमा निर्भरता बढाउँछ, र उपभोक्ता मूल्य अस्थिरतामा राख्छ ।

अब समय छ–अनुगमन निकायले देखाएको मौनता तोड्न । सरकारले कालोबजारी नियन्त्रण गर्न कानूनी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । किसानलाई उचित मूल्य दिने, दलाल नियन्त्रण गर्ने र खुद्रा बजारमा पारदर्शिता ल्याउने ठोस नीति अवलम्बन गर्नुपर्छ ।

उपभोक्ता दैनिक जीवनको आधारभूत आवश्यकता पूरा गर्न सास्ती खेपिरहेकै बेला जिम्मेवार निकायको निष्क्रियता अस्वीकार्य छ । हरियो तरकारी आम उपभोक्ताको थालमा सहज मूल्यमा पुग्ने व्यवस्था गर्नु सरकारको संवैधानिक दायित्व पनि हो । यसतर्फ राज्य, स्थानीय तह, नियमनकारी निकाय र उपभोक्ता स्वयं सक्रिय हुनैपर्छ ।

तरकारीको मूल्य आकाशिने समस्या केवल भान्साको चुलोसम्म सीमित छैन–यो सरकारको नियमन क्षमता, बजारको पारदर्शिता र उपभोक्ताको जीवनस्तरसँग जोडिएको गम्भीर प्रश्न हो ।

# जेनजी प्रदर्शनपछि पर्यटन विकासमा नयाँ आशाको सञ्चार



विनायक शाह

पर्यटन हाम्रो देशको अर्थतन्त्र, संस्कृति र पहिचानसँग प्रत्यक्ष सम्बन्धित क्षेत्र हो । नेपाल पर्यटकीय सम्भावनाको हिसाबले प्रशस्त अवसरहरु रहेका छन् । विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकहरुको बीचमा रहेको नेपालले ती मुलुकहरुसँगको व्यापारमा कुनै प्रतिस्पर्धा गर्न सक्दैन तर पर्यटकीय सम्भावनाका दृष्टिले भने ती मुलुकहरुबाट ठूलो सङ्ख्यामा पर्यटकहरु आकर्षित गराउन सक्ने क्षमता रहेको छ । यहाँको भौगोलिक विविधता, सांस्कृतिक विशिष्टता र ऐतिहासिक धरोहरहरुले पर्यटकहरुलाई भरपूर आनन्द दिन सक्छन् । 'नेचर, कल्चर र एडभञ्चर'मा नेपाल विश्वमै समृद्ध रहेको छ । तथापि, सम्भावनाको २० प्रतिशत पनि हामीले उपयोग गर्न सकेका छैनौं ।

नेपालमा २००७ सालदेखि नै पर्यटनको विकास सुरु भए पनि ७५ वर्षको अवधिमा जति लाभ लिन सक्नुपर्थ्यो, त्यो हुन सकेको छैन । यस बीचमा केही कामहरु नभएका भने होइनन् तर ती स्वस्फुर्त रुपमा भएका कार्यले राम्रो परिणाम दिन सकेका छैनन् । हामीले अहिलेसम्म पर्यटकीय पूर्वाधारमा जोड दिन सकेका छैनौं भने कस्ता पर्यटक भित्र्याउने र उनीहरुको बसाइलाई कसरी लम्ब्याउन सकिन्छ भन्नेतर्फ ध्यान पुग्न सकेको छैन । अहिले पनि हामी काठमाडौं, पोखरा, चितवन र लुम्बिनीकै वरपर आठ-दश दिन पर्यटकलाई सीमित गराइरहेका छौं । यसले पर्यटनको लाभ तल्लो तहसम्म पुग्न सकेको छैन ।

वर्षमा ३५-४० लाख पर्यटकलाई विश्वस्तरको सेवा दिनसक्ने हाम्रा होटलहरु छन् तर हामी अझै पनि सानो आकारमा आएको पर्यटकमै रमाइरहेका छौं । हामीसँग पर्यटकलाई राख्ने, भ्रमण गराउने क्षमता नभएको पनि होइन । आवधिक १६ औं योजनाले जम्मा १६ लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको छ । राजधानीबाहेक भैरहवा र पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउन सकिएको छैन । तीन तहका सरकारहरुबीच समन्वय र सहकार्य हुन सकिरहेको छैन । सङ्घीय सरकारकै कुरा गर्दा पनि एउटा सरकारले सन् २०२३ देखि २०३२ लाई पर्यटन दशक घोषणा गर्छ, त्यसलगत्तै बनेको अर्को सरकारले सन् २०२५ देखि २०३५ को दशकलाई पर्यटन दशक भन्छ । मन्त्री फेरिएपच्छिे कार्यक्रमहरु फेरिन्छन् । कुनै सरकारहरु पनि गम्भीरतापूर्वक काम गर्नेभन्दा तदर्थवादमै अल्मिलिएका छन् ।

नेपालको अर्थतन्त्रको मेरुदण्ड भनिने पर्यटन क्षेत्रबाट राज्यले लाभ लिन सकिरहेको छैन । वर्षमा छिमेकी मुलुक चीनका झण्डै १८-२० करोड मानिस विश्व भ्रमण गर्दछन् भने भारतका पनि आठ-दश करोड नागरिकले अन्य देशको भ्रमणमा जाने गर्दछन् । उनीहरुले चाहेको सबै कुरा हामीसँग छ । त्यसको दुई प्रतिशत मात्रै नेपालमा भित्र्याउन सक्ने हो भने पनि ५०-६० लाख पर्यटक त यी दुई मुलुकबाट मात्रै ल्याउन सकिन्छ । हवाई तथा सडक कनेक्टिभिटी राम्रो नहुँदा यो अवसरलाई उपयोग हुन सकेको छैन । यसतर्फ सरकारको ध्यान गएको छैन ।

समृद्धिको मुख्य आधार भनेकै पर्यटन क्षेत्र हो । यसले राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउँछ, रोजगारी सिर्जना गर्छ र समृद्धि ल्याउँछ । एक जना पर्यटक नेपाल भित्रिनु भनेको कम्तिमा १० जनाले प्रत्यक्ष/अप्रत्यक्ष लाभ लिन सक्छन् भन्ने अन्तरराष्ट्रिय मान्यता रहेको छ । आफ्नो संस्कृति, प्रकृति र आत्मीयता नै हाम्रो पर्यटनको मूल आधार हो भन्ने कुरालाई हामीले राम्ररी बुझ्न नसक्दा यसबाट लाभ लिन सकेका छैनौं । देशमा व्यवस्था फेरि पनि अवस्था नफेरिनुको मुख्य कारण हामीले हाम्रै सम्पदा, क्षमता र अवसरलाई आत्मसाथ गर्न नसक्नु हो । यसले गर्दा पटकपटक राजनीतिक परिवर्तन हुँदा पनि जनताको जीवनस्तरमा तात्विक सुधार आउन सकेको छैन ।

जेनजी प्रदर्शनपछि पर्यटन विकासको सम्भावना

नेपालको इतिहासमा विभिन्न समयमा भएका प्रदर्शनहरूले शासन व्यवस्थामा मात्र होइन, सामाजिक चेतनामा पनि ठूलो प्रभाव पारेका छन् । नेपालमा लोकतन्त्र स्थापनापछि पनि भ्रष्टाचार, अनियमितता र जवाफदेहिताको अभाव गहिरो समस्या बनेको थियो । राजनीति, प्रशासन र सार्वजनिक निकायहरूमा बढ्दो भ्रष्टाचार र सत्ताको दुरुपयोगप्रति नागरिक, विशेषगरी युवा पुस्तामा असन्तोष बढेको थियो । यही पृष्ठभूमिमा गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनले लोकतान्त्रिक अभ्यासलाई सुदृढ पार्दै भ्रष्टाचार नियन्त्रणसम्बन्धी जनचेतना र राजनीतिमा युवाको प्रभावकारी सहभागितालाई दबाब सिर्जना गरेको छ । लोकतन्त्रलाई बचाउन र सुदृढ बनाउन भ्रष्टाचार नियन्त्रण अपरिहार्य छ भन्ने सन्देशसँगै युवापुस्ताले गरेको सक्रियता र बलिदानले पारदर्शी शासन र जवाफदेहिताको बाटो खुलाउन सक्दछ भन्ने उदाहरण विश्व समुदायलाई दिन सफल भएको छ । युवापुस्ताको नेतृत्वमा भएको यस प्रदर्शनले भ्रष्टाचारबिना लोकतन्त्र सम्भव छैन भन्ने चेतना फैलाएको छ । यद्यपि, यस प्रदर्शनका क्रममा ७४ जना युवाको अकालमै मृत्यु र अर्बौं मूल्यका सार्वजनिक र निजी सम्पत्ती ध्वस्त भएका छन् । यति ठूलो जनधनको क्षति हुँदा पनि नेपाल भ्रमणमा रहेका पर्यटकहरु कसैलाई केही भएको छैन । भदौ १६ देखि २३ गतेसम्म दैनिक तीन हजारको सङ्ख्यामा विदेशी पर्यटन नेपाल भित्रिएका थिए । एक हप्ताको बीचमा करिब २५ हजार ६०० पर्यटकलाई २३ देखि २६ गतेसम्म हिँडडुलमा केही असहज भए पनि २६ गते नयाँ सरकार गठनपछि अवस्था सामान्यीकरण भएकाले निर्धक्कसँग भ्रमण गर्न कुनै समस्या भएको थिएन ।

नेपालमा सामान्यतयाः सेप्टेम्बरदेखि पर्यटक आगमनको सिजन सुरु हुन्छ । जेनजी प्रदर्शनपछि भारत, अमेरिका, क्यानडालगायत केही देशहरुले ट्राभल एडभाइजरी जारी गरी आफ्ना नागरिकहरुलाई नेपाल घुम्न जाँदा अवस्था बुझेर मात्र जान भनेका कारण ती देशका पर्यटकहरु केहीले होटल बुकिङ रद्द गरेको जानकारी गराएका छन् । पक्कै पनि यसले केही असर त पुऱ्याउँछ तर विगतमा पनि यस्ता विकराल अवस्थामा छोटो अवधिमै हामीले पर्यटनलाई पुर्नजीवन दिन सकेका छौं । विभिन्न राजनीतिक प्रदर्शनदेखि गोरखा भूकम्प, कोरोना महामारीपछि पनि छोटो अवधिमै नेपालले लय लिन सकेको भन्दै विश्व समुदायले प्रशंसा गरेका थिए । यस पटकको जेनजी प्रदर्शनबाट तत्काल केही प्रभाव परे पनि यसले दिएको अवसरलाई उपयोग गरी पर्यटनलाई नयाँ ढङ्गबाट अगाडि लैजाने समय आएको छ । यतिबेला देशभित्र सबै सरोकारवाला निकायहरु र आम नागरिकहरुबीच सहकार्य र सद्भावको खाँचो रहेको छ भने विदेशमा रहेका नेपाली दूतावास, नियोग, काउन्सिलर र गैरआवासीय नेपाली सङ्घमा आबद्ध सबैले नेपाल सुरक्षित छ भन्ने सन्देश र पर्यटकीय सम्पदाहरुको महत्वका बारेमा जानकारी गराउन आवश्यक छ । नेपाली जनताको आत्मीयता, प्राकृतिक सुन्दरताको महिमा र विविध संस्कृतिको धरोहरलाई पर्यटनमार्फत प्रचारप्रसार गर्न सकिन्छ ।

पर्यटनको प्रवर्द्धनमा निजी क्षेत्रले सुरुदेखि स्वदेश र विदेशमा प्रचारात्मक अभियानलाई अभियानकै रुपमा अगाडि बढाउँदै आएका छन् । हरेक नागरिकले आफ्नो घर, गाउँ, संस्कृति र वातावरणलाई पर्यटकमैत्री बनाउन योगदान दिनुपर्छ । हाम्रो संस्कृति, कला र परम्पराको संरक्षण गर्दै अन्तरराष्ट्रियस्तरमा प्रचार गर्नुपर्छ । दिगो पर्यटनलाई प्राथमिकता दिँदा मात्र भावी पुस्ताले पनि यस क्षेत्रको लाभ पाउन सक्छन् । जेनजी प्रदर्शनपछि पर्यटनका नयाँ सम्भावना र प्रभावहरू देखिएका छन् । अब मुलुकमा राजनीतिक स्थिरता, भ्रष्टाचारको अन्त्य र युवा पुस्ताको नेतृत्वमा शासन सञ्चालन हुन्छ भन्ने विश्वास बढेको छ । पर्यटकहरूले सुरक्षित वातावरण खोज्ने भएकाले स्थिरता पर्यटन वृद्धिको प्रमुख आधार मान्न सकिन्छ । प्रदर्शनपछि सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण भएमा नेपालको छवि अन्तरराष्ट्रिय जगत्मा उज्जवल हुन्छ । नयाँ पुस्ताले प्राविधिक र सिर्जनात्मक सोचमार्फत आधुनिक पर्यटन विकासमा योगदान पुऱ्याउन सक्छन् । प्राकृतिक सम्पदा, पर्व-परम्परा र सांस्कृतिक सम्पदाको संरक्षणलाई प्राथमिकतामा राख्न सकिएमा सांस्कृतिक पर्यटनलाई मजबुत बनाउन सहयोग पुग्छ । यस प्रदर्शनपछि अन्तरराष्ट्रिय जगत्मा पक्कै पनि नेपालको छवि बढ्नुको साथै लगानीको सम्भावना पनि बढेर गएको छ । यसले नेपालको पहिचान स्वच्छ, पारदर्शी र नयाँ पुस्ताद्वारा नेतृत्व भएको देखिन्छ भने अन्तरराष्ट्रिय लगानी र पर्यटक आगमन बढ्ने अपेक्षा गर्न सकिन्छ । पारदर्शिता, सुशासन, युवाको नवप्रवर्तन र सम्पदाको संरक्षणलाई प्राथमिकतामा राखेमा नेपालले दिगो र विश्वस्तरीय पर्यटन गन्तव्य बन्ने सम्भावना उच्च हुन्छ । *(पर्यटन व्यवसायी शाहसँग गरिएको कुराकानीमा आधारित)* रासस

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# एमालेले संविधान जलाउने प्रयास विफल बनाउने – महेश बस्नेत

दैनिक समाचारदाता
काठमाडौं, ११ असोज । नेकपा (एमाले) का पोलिटब्युरो सदस्य महेश बस्नेतले कतैले संविधान जलाउने प्रयास गरिरहेको आरोप लगाउँदै त्यो योजना आफ्नो पार्टीले सफल हुन नदिने दाबी गरेका छन् ।



शनिबार भक्तपुरको गुन्डुमा युवा संघ नेपालले आयोजना गरेको शुभकामना आदनप्रदान तथा चियापान कार्यक्रममा बोल्दै बस्नेतले भने, “सावधान – नेकपा एमाले छ, एमाले यो धर्तीमा छ। युवा संघ छ। कांग्रेस छ, लोकतान्त्रिक दलहरू छन्। हामी लोकतन्त्र मार्न दिँदैनौं। हामी संविधान जलाउन दिँदैनौं।” उनले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) को गतिविधि पनि कुनै अवैध खेलको भाग नभएको सुनिश्चित गरिने बताए। बस्नेतले भने, “हामी नेपालको राष्ट्रियता अपहरण गरेर यहाँलाई अन्तराष्ट्रिय रणभूमि बन्न दिनुहुँदैन। जेनजी पुस्तालाई अन्तर्राष्ट्रिय एजेन्ट बनाएर युवा अपराधी र आतंकवादी बनाउने खेल सफल हुन दिँदैनौं।”

बस्नेतले प्रधानमन्त्रीबाट अध्यक्ष केपी शर्मा ओलीको राजीनामापछि सिंहदरबार, संसद् र सर्वोच्च अदालतलगायतका संस्थागत भवनमा आगजनी र विभेदकारी घटनाहरू भएको दाबी पनि गरे। उनका भनाइअनुसार, “उहाँले जेनजी आन्दोलनको भावना बुझेर २४ गते राजीनामा दिनुभयो। तर त्यसपछि किनभने भन्नोंलि सिंहदरबार, सर्वोच्च र संसद् जलेको बताइन्छ – नेपाललाई एम्बुसमा पार्न खोजिएको छ।”

उक्त कार्यक्रममा बस्नेतले आन्दोलनका क्रममा हतियार चोरी, कैदी भगाउने घटना र अन्य हिंसात्मक घटनाका आरोपहरू उठाए र यी घटनाबारे थप अनुसन्धान गर्न माग गरे।

# एमाले सचिवालय बैठक आज

दैनिक समाचारदाता
काठमाडौँ, ११ असोज । जेनजी समूहको आन्दोलन र नयाँ राजनीतिक परिस्थितिबारे छलफल गर्न आइबार नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सचिवालय बैठक हुने भएको छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीले आइतबार दिउँसो १:०० बजे गुण्डुस्थित आफ्नो निवासमा सचिवालय बैठक बोलाउनुभएको एमालेका केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो । बैठकमा देशको समसामयिक परिस्थिति, जेनजी आन्दोलनपछि पार्टीको अबको भूमिका, सङ्गठन सुदृढीकरण र भावी कार्यक्रमबारे निर्णय हुने उहाँले बताउनुभयो ।




हार्दिक शुभकामना

शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**गणेश अफसेट प्रेस**

रामचौक, जनकपुरधाम-४,मधेश प्रदेश, नेपाल


# मधेसमा नयाँ सरकार गठनतर्फ चार दलको सहमति

दैनिक समाचारदाता
जनकपुरधाम ११ असोज । मधेस प्रदेशमा मुख्यमन्त्री सतिस सिंहको सरकार अल्पमतमा परेपछि नयाँ सरकार गठनको प्रक्रिया तीव्र बनेको छ । सत्तारूढ दुई दलले समर्थन फिर्ता लिएपछि सिंह नेतृत्वको सरकार अल्पमतमा पुगेको हो । यसपछि नेपाली कांग्रेस, नेकपा एमाले, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बीच नयाँ सरकार गठनको सहमति जुटेको छ ।





जनमत पार्टीका नेता महेश यादवका अनुसार कांग्रेस प्रदेश संसदीय दलका नेता कृष्णा यादवको नेतृत्वमा सरकार गठन गर्ने सहमति भएको छ । उनका शब्दमा, “विभिन्न चरणको छलफलपछि कांग्रेसलाई नेतृत्व दिएर चार दल मिलेर नयाँ सरकार बनाउने निर्णय भएको छ।” यसै आधारमा, कांग्रेस, एमाले, जनमत र लोसपाको गठबन्धनले सरकार गठन गर्न लागेका छन् । प्रदेश प्रमुख काठमाडौंमा रहेका कारण बहुमत सांसदहरूको हस्ताक्षरसहितको पत्र हालसम्म बुझाइएको छैन । तर, आजै वा भोलिसम्म प्रदेश प्रमुख जनकपुर फर्केपछि सरकार निर्माण प्रक्रिया अघि बढाइने तयारी जनाइएको छ ।

महेश यादवले मन्त्रालयहरूको बाँडफाँटबारे भने अझै टुंगो नलागेको बताए । उनका अनुसार, “मुख्यमन्त्री कांग्रेसलाई दिने सहमति भएको छ तर कुन दलले कति मन्त्रालय लिने भन्ने विषयमा अन्तिम सहमति भइसकेको छैन।”

जनमत पार्टीले असोज २८ गते आफ्नै पार्टीका मुख्यमन्त्री सतिस सिंहलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । यसपछि सिंहले नेतृत्व गरेको सरकारबाट कांग्रेसले गत बुधबार समर्थन फिर्ता लिएको थियो ।

मधेस प्रदेशमा सरकार निर्माणका लागि ५४ सांसदको बहुमत आवश्यक हुन्छ । नयाँ समीकरणअनुसार कांग्रेसका २२, एमालेका २४ (सभामुखसहित, एक निलम्बनबाहेक), जनमतका १३ र लोसपाका ८ (एक निलम्बनबाहेक) सांसद मिलेर आवश्यक बहुमत सजिलै पुग्ने देखिन्छ ।



**अब अनलाइनबाट बुकिङ्को सुविधा**




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



**प्रकोप जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं।**

- सम्भावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी, आगलागिजस्ता सम्भावित प्रकोपको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**जनकपुरधाम उद्योग वाणिज्य संघ**
जनकपुरधाम, धनुषा
स्था.: २००९

**दशैं बजार सम्बन्धित सुचना**

दशैं, दिपावली तथा छठपर्व २०८२ को शुभ अवसरमा यहि मिति २०८२ साल असोज ०६ गते देखी १४ गतेसम्म स्थानिय गोपाल धर्मशालामा लाग्ने दशैं बजार २०८२ (सस्तो बजार) सुरु भईसकेको छ । तसर्थ यस बजारबाट आ-आफ्नो आवश्यकताको दैनिक उपभोग्य सामान खरीद गरी मौकाको फाईदा उठाउनु हुन सबैमा जानकारीको लागि अनुरोध छ ।

फुलदेव पंडित
महासचिव

तथा

सुरेन्द्र कुमार भण्डारी
अध्यक्ष

**जनकपुरधाम उद्योग वाणिज्य संघ (परिवार)**
जनकपुरधाम, फोन नं. ०४१-५९०२२१

# मधेशका किशोरकिशोरी लागुऔषधको चपेटामा

दैनिक समाचारदाता

राजविराज, ११ असोज । एघार वर्षकै उमेरमा रमेश यादव सहपाठीहरूको संगतमा लागुऔषध सेवन गर्न थाले । कक्षा १२ अर्थात् १६(१७ वर्ष पुग्दा उनी गाँजा, ट्याब्लेट, बोतल र इन्जेक्सनजस्ता पदार्थको गहिरो लतमा डुबिसकेका थिए । उनका साथीहरू रन्जन दास, पिताम्बर दास र मोहन साह पनि उस्तै अवस्थामा फसे । परिणामस्वरूप उनीहरूको पढाइ, पारिवारिक जीवन र सामाजिक सम्बन्धमा गम्भीर असर पर्यो । विवाहयोग्य उमेर पुगे पनि उनीहरूलाई योग्य जीवनसाथी पाउन कठिन भयो । अन्ततः गरिब परिवारकी छोरीसँग विवाह भए पनि जिम्मेवारी निर्वाह गर्ने क्षमता उनीहरूसँग रहेन । लागूऔषध सेवनले स्वास्थ्य, सीप र मानसिक अवस्था कमजोर बनाएपछि पश्चाताप बाहेक उनीहरूकहाँ विकल्प रहेन ।

मधेश प्रदेशका सीमा क्षेत्रहरू अहिले लागुऔषध कारोबारको हब बन्दै गएका छन् । भारतीय सीमासँग जोडिएका मधेशका आठै जिल्लामा ग्रामीण डगर र कच्ची बाटो प्रयोग गरी लागुऔषध नेपाल भित्र्याइने र देशका अन्य सहरमा पठाइने गरेको प्रहरी अनुसन्धानले देखाएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख अनुसन्धान शाखा अधिकारी, प्रहरी निरीक्षक सोनुकुमार साहका अनुसार पछिल्ला तीन वर्षमा मात्रै तीन हजार २३६ जनालाई लागुऔषध घटनामा पक्राउ गरिएको छ । तीमध्ये करिब ९० प्रतिशत युवाहरू रहेका छन् । विशेषगरी १२ देखि ३५ वर्ष उमेर समूहका किशोरकिशोरी बढी संलग्न रहेको तथ्याङ्कले देखाउँछ ।

त्यही अवधिमा प्रहरीले छ लाख ८४ हजार ९८५ तौल/थान प्रतिबन्धित लागुऔषध बरामद गरेको छ । जसमा गाँजा ३० हजार ७०३ किलो, चरेश ७८१ किलो, अफिम ४६ किलो, ब्राउन सुगर ७० ग्राम, हिरोइन ४.३ किलो, ट्याबलेट चार लाख ८७ हजार १९५ थान, बोतल १९ हजार १४७ र इन्जेक्सन एक लाख ७८ हजार ६४३ थान रहेका छन् ।

प्रहरी अनुसन्धानअनुसार किशोरकिशोरी लागुऔषधमा फस्नुका कारणहरूमा पढाइमा असफलता, अभिभावकको ध्यान अभाव, साथीहरूको प्रभाव, सामाजिक सञ्जाल र चलचित्रबाट प्रेरणा, छिट्टै पैसा कमाउने लोभ लगायत रहेका छन् ।

लागुऔषध सेवनले शारीरिक, मानसिक, पारिवारिक, सामाजिक र आर्थिक जीवनमा गहिरो असर पार्छ । यसले एचआईभी/एड्स, हेपाटाइटिस, शरीर तौल घट्ने, डिप्रेशन, स्मरणशक्ति कमजोर हुने, पारिवारिक विवाद र चोरीजस्ता अपराधमा संलग्नता बढाउने चिकित्सक डा. दिलिपकुमार साहको भनाइ छ ।

यसैबीच नागरिक समाजका अध्यक्ष थानसिंह भनसालीले युवाको उर्जा र सिर्जनशील क्षमता जीवन निर्माण र सकारात्मक गतिविधिमा खर्च गर्नुपर्ने आवश्यकता औंल्याए । उनका अनुसार, यदि युवाले सिर्जनशील गतिविधिमा भविष्य सुरक्षित गर्ने अभ्यास गरे, त्यसले देशको विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँछ ।




हार्दिक शुभकामना

शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**फुलदेव पण्डित** — महासचिव
**सुरेन्द्र भण्डारी** — अध्यक्ष
तथा
**जनकपुरधाम उद्योग वाणिज्य संघ**
जनकपुरधाम



हार्दिक शुभकामना

शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**राम जानकी होस्पिटल प्रा.लि.**
जानकी मन्दिर पछाडि
जनकपुरधाम, मधेश प्रदेश, नेपाल



हार्दिक शुभकामना

शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**कमलेश मण्डल**
अध्यक्ष
पिपल प्रमोट सेन्टर, जनकपुरधाम



हार्दिक शुभकामना

शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**प्रमोद कुमार चौधरी**
सञ्चालक
रामचौक, जनकपुरधाम-४,मधेश प्रदेश, नेपाल



हार्दिक शुभकामना

शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**वैष्णवी बचत तथा ऋण सहकारी संस्था लि.**
भानु चौक, जनकपुरधाम
मधेश प्रदेश-नेपाल



हार्दिक शुभकामना

शुभ विजया दशमी, दीपावली तथा छठ पर्व २०८२ को अवसरमा देश-विदेश तथा नेपालमा बसोबास गर्ने हाम्रा सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

**काव्या होस्पिटल प्रा.लि.**
संकटमोचन मन्दिरदेखि उत्तर जानेबाटोमा
जउमन जनकपुरधाम-९, मधेश प्रदेश, नेपाल


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४